# नगर प्रमुख श्री शम्भु साहज्यूद्वारा १८ औं नगरसभामा आ.व. २०८३/०८४ को लागि पेश गरिएको बार्षिक नीति तथा कार्यक्रम

आज हामी गौर नगरपालिकाको १८ औं नगरसभामा उपस्थित भएका छौं ।हाम्रो निमन्त्रणा स्वीकार गरी यस मन्चमा आसन गरी रहनु भएका यस कार्यक्रमका प्रमुख अतिथि उधोग वाणिज्य तथा पर्यटन मन्त्री, मधेश प्रदेश सरकार माननीय कनिश पटेलज्यू, विशिष्ठ अतिथि जिल्ला समन्वय समितिका प्रमुख श्री राम अयोध्या राय यादवज्यू, विशेष अतिथि प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालज्यू, यस नगरसभाका उपाध्यक्षज्यू, अतिथि जिल्ला समन्वय अधिकारी श्री लेखनाथ खतिवडाज्यू, नगरसभाका सदस्यज्यूहरु, नगरसभाका सचिवज्यू, हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी यस सभामा उपस्थित सम्पूर्ण महानुभावहरु, पत्रकार साथीहरु एवं सम्पूर्ण कर्मचारी मित्रहरु ।

संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा पहिचान र अधिकार प्राप्तिको लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात वीर शहीदहरप्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।साथै आन्दोलन तथा जेनजी प्रदर्शनका क्रममा घाइते हुनु भएका सम्पूर्ण व्यक्तिहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। नेपालको एकिकरण देखि आज सम्म नेपाललाई एक स्वतन्त्र, स्वाधीन र अटल राष्ट्रको रुपमा कायम राख्न योगदान गर्ने र राष्ट्रियता, लोकतन्त्र र आमजनताको जनजीविकामा सुधारको लागि कठोर संघर्ष गर्नु हुने हाम्रा वीर पुर्खा र अग्रजहरुलाई म उच्च सम्मानका साथ स्मरण गर्दछु लोकतन्त्रका आधारभूत मूल्य मान्यताको माध्यमबाट दिगो विकास, सुशासन, समृद्धि र स्वच्छ वातावरणयुक्त समाज निर्माण गर्ने उदेश्यले विभिन्न विषय संग सम्बन्धित सरोकारवाला तथा नगरवासीको अमूल्य सुझावहरुलाई समेटेर तयार पारिएको गौर नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय नगरसभामा प्रस्तुत गर्न पाँउदा म अत्यन्त हर्षित भएकोछु ।

नेपाली नागरिकको अथक मेहनत र गौरवपूर्ण बलिदानीबाट प्राप्त नेपालको संविधान अनुसार सार्वभौम जनताको लोकतान्त्रिक चयन मार्फत गठन भएको यस नगरसभा, नगरवासीहरुको आधारभुत हक र अधिकारप्रति पूर्णत: सचेत रहँदै, समग्र नगर विकासका लागि नगर

कार्यपालिका र नगरसभा सदस्यहरुको समन्वय एवं सहमतिमा मन, वचन र कर्मले समर्पित भई काम गर्ने प्रतिवद्धता म सम्पूर्ण नगरवासी समक्ष व्यक्त गर्न चाहन्छु ।साथै विकास निर्माण तथा नागरिक जीवनसँग प्रत्यक्ष सरोकार भएका हरेक क्षेत्रमा नगरसभा सदस्यहरु, राजनीतिक दलहरु, सरोकारवाला निकायहरु र नागरिक समाजबाट निरन्तर सहकार्यको अपेक्षा गर्दै हाल सम्म गरिएको सहयोग र योगदानप्रति म हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

यस नीति तथा कार्यक्रमको तर्जुमा गर्दा नेपाल सरकारले अन्तर्राष्ट्रिय रुपमा गरेका प्रतिवद्धता, दिगो विकासका लक्ष्य (SDGs),नेपालको संविधान, संविधानका निर्देशक सिदान्त तथा नीतिहरु, नेपाल सरकारको आवधिक योजना, क्षेत्रगत नीतिहरु, बार्षिक बजेट, प्रदेशस्तरीय नीति तथा कानुन, नागरिकका मौलिक हक, नगरवासीहरुसँग गरिएका प्रतिवद्धता, चुनावी घोषणापत्रहरु, नागरिकका अपेक्षा र मागहरुलाई आधार बनाइएको छ, भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, समानीकरण, समपुरक तथा विशेष अनुदान, राजश्व बाँडफाँड र नगरपालिकाको आन्तरिक आयलाई समेत ध्यानमा राखिएको छ ।नगरवासीहरुको सन्तुलित विकास र गुणस्तरीय सेवा प्रति बढ्दो अपेक्षाको सम्बोधन गर्न, नागरिकका असिमित आवश्यकता नगरको स्रोतबीच सन्तुलन मिलाउन नगरपालिका हरसंभव प्रयास गरिरहेको छ ।मुलुकमा सिर्जित प्रतिकूल आर्थिक अवस्थाका कारण राजश्व परिचालनमा परेको प्रतिकूल प्रभाव, सिमित आन्तरिक स्रोत र संघीय तथा प्रदेश सरकारबाट अनुदानमा देखिएको संकुचनलाई समेत दृष्टिगत गर्दै आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय नगरसभा समक्ष प्रस्तुत गर्न गईरहेको छु ।

<u>नगरसभाका सदस्यज्यूहरु</u>

अब म आगामी आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## सुशासन र संस्थागत विकास तर्फः-

## (क) संस्थागत विकास, सेवा प्रवाह/ सूचना प्रविधि र सुशासन सम्बन्धी नीति

- भ्रष्टचारप्रति शून्य सहनशीलता कायम राख्ने, पारदर्शितता सुनिश्चित गर्ने र प्रभावकारी जवाफदेहिता विकास गर्ने उदेश्यले गुनासो व्यवस्थापनको लागि संयन्त्र निर्माण गरिनेछ ।

साथै सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सेवाग्राही सन्तुष्टि सर्वेक्षण लगायतका गतिविधि मार्फत जवाफदेहिता प्रवर्द्धन गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

- सार्वजनिक खरिद प्रकृयालाई व्यवस्थित, पारदर्शी, प्रतिस्प्रर्धी र मितव्ययी बनाउन विद्युतीय खरिद प्रणालीको उपयोगलाई बढवा दिइनेछ ।
- सार्वजनिक विदाका दिनमा समेत अत्यावश्यक सेवा जस्तै: नगर सरसफाई, आगलागी नियन्त्रण तथा विपद् व्यवस्थापन र सडक मर्मत सम्भार सम्बन्धी कार्य निरन्तर रुपमा प्रदान गर्न आवश्यक व्यवस्थापन मिलाइनेछ ।
- नगरको कार्यसम्पादन गुणस्तरको सम्बन्धमा जनगुनासो सुन्न, सुझाव संकलनर समाधान गर्नको लागि हेलो मेयर कार्यक्रम तथा युवा संवाद कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिकाको प्रशासनिक, प्राविधिक,शिक्षा,स्वास्थ्य, सुरक्षा(नगर प्रहरी) सरसफाई लगायतका विभिन्न सेवामा कार्यरत कर्मचारीहरुको वृति विकासका कार्यक्रमहरु संचालन गरी कर्मचारीको मनोबल बढाई सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।
- विद्युतीय सुशासनको प्रवर्द्धनका लागि नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा रहेका पुराना अभिलेख तथा दस्तावेजहरुलाई विद्युतीय अभिलेख प्रणालीमा रुपान्तरण गरी नगरपालिकाका प्रशासनिक कार्यहरुलाई क्रमिक रुपमा कागज विहिन (पेपर लेस) बनाउँदै लगिनेछ ।
- कर्मचारीहरुलाई दक्ष र प्रभावकारी सेवा प्रवाहमा सक्षम तुल्याउन मागमा आधारित तालिम प्रदान गरिनेछ ।
- आ.व.२०८३/०८४ मा गौर नगरपालिकाको सम्पूर्ण वडा कार्यालयहरुमा ई-हाजिरी प्रणाली लागु गरिनेछ ।
- नेपाल सरकारको आ.व.०८३/०८४ को बजेट भाषणबाट प्रस्तुत गरिए अनुसार कर्मचारीहरुको वृद्धि भएको तलव र कार्य सम्पादन मापनको आधारमा प्रोत्साहन भत्ता रकम यस नगरपालिकाका स्थायी कर्मचारीहरुलाई उपलब्ध गराईनेछ ।

- यस कार्यालयमा कार्यरत करार कर्मचारीहरुको करार सेवा शुल्क सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा ३ सदस्यीय समिति गठन गरी समितिबाट निर्धारण भए बमोजिमको करार सेवाको निरन्तरता र सेवा शुल्क उपलब्ध गराइनेछ ।
- नगरपालिकाको सेवा प्रवाहको गुणस्तरलाई थप प्रभावकारी बनाउन शाखा प्रमुख तथा वडा सचिवहरुको मासिक प्रगति समिक्षा बैठक नियमित रुपमा सञ्चालन गरिनेछ ।
- नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाहमा नागरिकको सहज पहुँच पुर्याउन प्रत्येक वडामा घुम्ती सेवा शिविर सञ्चालन गरिनेछ ।

## राजश्व नीति, सूचना तथा सञ्चार र वित्त व्यवस्थापन

- नागरिकको योगदानले नगरको विकास गरी समृद्धि ल्याउन सक्छ भन्ने सोच विकास गर्न राजश्व सम्बन्धी सूचना तथा जानकारीमूलक सन्देशहरु सघन रुपमा प्रवाह गरिनेछ ।
- करदातालाई कर दाखिलाको लागि प्रोत्साहन गर्न आगामी आर्थिक वर्षमा करदातामैत्री कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- करको दर भन्दा दायरा बढाउने नीतिलाई अख्तियार गर्दै नगर भित्रका सम्भावित करयोग्य थप वस्तु एवं सेवा पहिचान गरी आन्तरिक स्रोत बृद्धि गर्ने कार्यमा जोड दिइनेछ ।
- घरजग्गा बहाल करलाई नगरपालिकाको स्थायी राजश्व र भरपर्दो स्रोतका रुपमा विकास गर्न आगामी आर्थिक वर्षमा 'स्व-घोषणा बहालकर अभियान' सञ्चालन गरिनेछ ।
- कर प्रणालीलाई करदातामैत्री बनाई समयमै कर तिर्ने उत्कृष्ट करदाताहरुलाई सम्मान गरिनेछ ।

## घर नक्सा पास, शहरी विकास तथा नापी सम्बन्धी

- भवन निर्माण आचरसंहितालाई प्रभावकारी रुपमा कार्यान्यन गर्दै नगरपालिका क्षेत्रभित्र घर निर्माण गर्नु अघि अनिवार्य रुपमा नक्सा पास गर्नु पर्ने कानुनी व्यवस्था कडाइका साथ कार्यान्वयन गरिनेछ । यसका लागि सञ्चार माध्यमहरु मार्फत निरन्तर जानकारी गराई नगरवासीहरुलाई नक्सा पास प्रक्रियामा सहभागी गराइनेछ । साथै नक्सापास बिना निर्माण गरिएका घर वा टहरा निर्माणकर्तालाई पहिचान गरी कानुनी कारवाही गर्दै नगरपालिकाबाट प्रदान गर्ने सेवा सुविधा रोक्का गर्ने नीति लागू गरिनेछ ।

- भू-उपयोग नीति सम्बन्धी कार्यविधि अनुसार आवासीय क्षेत्र, कृषि क्षेत्र तथा अन्य क्षेत्रको वर्गीकरणका आधारमा तोकिएको मापदण्ड र प्रकृयाहरु पालना गरी भूमिको व्यवस्थित उपयोग गर्ने नीति लिइनेछ ।
- वातावरणको सौन्दर्य र हरियाली बढाउने उदेश्यले घर नक्सा पास प्रक्रियाको अन्तमा प्रदान गरिने निर्माण सम्पन्न प्रमाण पत्र प्राप्त गर्नको लागि निवेदन पेश गर्दा प्राविधिक प्रतिवेदन सहित कम्तीमा २ वटा रुखविरुवा घर कम्पाउण्ड भित्र रोपेको प्रमाण समेत पेश गर्नु पर्ने व्यवस्था अवलम्बन गरी तत्पश्चात मात्र निर्माण सम्पन्नको प्रमाण पत्र जारी गर्ने नीति कडाइका साथ लागू गरिनेछ ।
- सडक मापदण्ड तथा भवन निर्माण आचारसंहितालाई आधार मानी व्यवस्थित सहर विकास गर्नु आजको अपरिहार्य आवश्यकता रहेकोले यस नगरपालिकाबाट जारी भएका सडक मापदण्ड पुरा गरेका सम्पूर्ण सडकहरुलाई क्रमिक रुपमा लगत कट्टा गरी व्यक्ति वा संस्थाको नामबाट सार्वजनिक सडक बनाउने कार्यको थालनी गरिनेछ ।
- सडकमा जथाभावी निर्माण सामग्री राख्ने प्रवृतिलाई पूर्ण रुपमा नियन्त्रण गरिनेछ ।निर्माण सामग्री सार्वजनिक सडकमा नराख्ने सुनिश्चितता प्राप्त भएपछि मात्र नक्सापास प्रकृया अघि बढाउने परिपाटीको विकास गरिनेछ ।
- नगरक्षेत्र भित्र रहेका खुल्ला तथा सार्वजनिक स्थानहरुको पहिचान गरी विधिवत् रुपमा लगत संकलन गरिनेछ र ती स्थालहरुको संरक्षण तथा सदुपयोगका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम र इन्टरनेट सेवा प्रदायक सँगको समन्वय र साझेदारीमा नगरक्षेत्र भित्र रहेको अव्यवस्थित विद्युत, टेलिफोन तथा इन्टरनेटका तारहरुलाई व्यवस्थित गराइनेछ ।
- भूकम्पीय जोखिमबाट बच्नका लागि भूकम्प प्रतिरोधी घर संरचना निर्माण अनिवार्य गरिनेछ।
- ३ हजार वर्गफिट भन्दा बढी क्षेत्रफलमा भवन निर्माण गर्दा घरधनीले पार्किङ्ग व्यवस्थापन सहितको भवन डिजाइन अनिवार्य रुपमा तयार गर्नुपर्ने नीति लागू गरिनेछ ।

- नगर क्षेत्र भरीको घरधुरीको सर्वेक्षण सम्पन्न भई सकेकोले आगामी आर्थिक वर्षमा नगरपालिका क्षेत्रभित्र रहेका घरहरुको सडक मार्ग र नम्बरिङ्ग सहितको प्लेट (बोर्ड) घर पिच्छे जडान गर्ने प्रकृया थालनी गरिनेछ ।

## पूर्वाधार विकास तर्फ

- खानेपानी, ढल निकास, विद्युत, टेलिफोन लगायतका पूर्वाधारहरुको निर्माण वा मर्मत कार्य गर्दा कालोपत्रे वा पि.सि.सि. सडकमा पर्न सक्ने क्षतिको मूल्याङ्कन नगरपालिकाको पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखाको प्रतिवेदनका आधारमा गरिनेछ । त्यस अनुसार सम्बन्धित निकायबाट क्षतिपूर्ति व्यवस्थाको सुनिश्चितता भएपछि मात्र उक्त कार्य संचालन गर्न सहमति प्रदान गर्ने नीति लिइनेछ ।
- सडक दुर्घटना न्यूनिकरण गर्न तथा सडकको सौन्दर्यीकरण कायम राख्न सार्वजनिक सडकको क्षेत्राधिकार भित्र निर्माण सामग्री राख्न, पशु चौपाय बाध्न र कुनै पनि किसिमले सडक अवरोध गर्न नपाईने नीति लागु गरिनेछ । नगरपालिकाको सूचना, जानकारी वा नीतिको पालना नगरी सडक अवरोध सिर्जना भएमा उक्त अवरोध नगरपालिकाबाट जुनसुकै समयमा हटाईनेछ र उक्त अवरोध हटाउन लाग्ने खर्च रकम समेत सम्बन्धित निकाय सँग असुल उपर गरिनेछ ।
- बढ्दो सहरीकरण र सवारी साधनको चापलाई व्यवस्थित गर्न नगरक्षेत्र भित्र रहेका खुल्ला क्षेत्रहरुको पहिचान गरी सामुदायिक,सहकारी वा निजी क्षेत्र सँगको साझेदारीमा सशुल्क तथा नि:शुल्क पार्किङ्ग व्यवस्थापन गरिनेछ र ट्राफिक प्रहरीको समन्वयमा नगरक्षेत्र भित्र संचालन हुने साना सवारी साधनहरुको रुट निर्धारण गरिनेछ ।
- संचालित योजना तथा कार्यक्रमको नियमित अनुगमन गरी सार्वजनिक लगानीको सदुपयोग, पारदर्शिता र कार्यगत उत्कृष्टता सुनिश्चित गरिनेछ ।
- विगत आर्थिक वर्षहरुमा स्थानीय उपभोक्ता समिति मार्फत निर्माण गरिने योजनाहरुमा नागरिकको अपनत्व कायम गर्न १० प्रतिशत नगद जनसहभागिता व्यहोर्ने व्यवस्था लागु गरिएकोमा आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिईनेछ र उपभोक्ता समितिबाट निर्माण

भएका योजनाहरुको मर्मत सम्भार र  संरक्षाण गर्ने दायित्व समेत उपभोक्ता समितिको हुनेछ।

- सडक दुर्घटनाको जोखिम न्यूनिकरण गर्न ट्राफिक प्रहरी र निजी क्षेत्रको सहकार्यमा विविध सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- आज भन्दा ३० वर्ष अघिको आवश्यक्ताको आधारमा निर्मित कार्यपालिका भवनले वर्तमान संरचना र कार्य जिम्मेवारीलाई धान्न नसक्ने अवस्थालाई विचार गरी नयाँ प्रशासकीय भवन निर्माण गर्न चालू आर्थिक वर्षमा ठेक्का बन्दोबस्तको कार्य अगाडि बढाईएकोमा उच्च अदालत वीरगंजमा मुद्दा परी सम्झौता एवं कार्यादेश सम्वन्धी कार्य रोकिन गएकोमा सो मुद्दा अन्तिम किनारा लागि सकेकोले रु ४ करोड १९ लाख ५६ हजार ९ सय ६७ मा सकार भएको ठेक्काको वाँकी कार्य यसै आर्थिक वर्षमा सम्पन्न गरी आगामी आर्थिक वर्ष भित्र निर्माण कार्य सम्पन्न गरी नयाँ प्रशासकीय भवनबाट सेवा प्रवाह हुने सहर्ष जानकारी गराउन चाहन्छु ।

## आर्थिक विकास, कृषि,पशु तथा सिंचाई सम्बन्धी नीति

- कृषिमा आत्मनिर्भरता हासिल गर्न उत्पादनमा वृद्धि अपरिहार्य भएकोले नगरक्षेत्र भित्रका सम्भावित कृषि योग्य क्षेत्रहरुको पहिचान गरी बाँझो जमिनको लगत संकलन गरिनेछ। त्यस्ता क्षेत्रहरु बाँझो राख्न नपाउने गरी सामुहिक खेतीलाई प्रोत्साहन गर्न आवश्यक बीउ विजन, कृषियन्त्र उपकरण लगायतका सामग्री लागत साझेदारीमा हस्तान्तरण गरी कृषकलाई सहयोग प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- नगर क्षेत्रका कृषकहरुले उत्पादन गरेको कृषि उपजलाई भण्डारण गर्न तथा बजारीकरण गर्न नगरपालिकाबाट वडा नं. २ मा निर्माण भएको कोल्डस्टोर (शित भण्डार)को नामाकरण **"गौर कोल्ड स्टोरेज"**कायकगरी आगामी आ.व. देखि संचालनमा ल्याई स्थानीय आय आर्जनलाई टेवा पुर्याउने कार्यको थालनी गरिनेछ ।
- आर्थिक अवस्था कमजोर रहेका, बेरोजगार दलित, गरिब तथा विपन्न परिवारहरुको जीवनस्तर सहज र गुणस्तरीय बनाउन आय आर्जन वृद्धि गर्ने उदेश्यले तरकारी पकेट विकास कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिनेछ । यसका लागि वडा नं. ४ र ६ मा केरा पकेट क्षेत्र, वडा नं. २, ५ र ८ मा तरकारी पकेट क्षेत्र, वडा नं. ७,८ र ९ मा आँप

पकेट क्षेत्र र अन्य कृषि योग्य क्षेत्रहरुलाई धान पकेट क्षेत्र विकास गर्न बीउ पूँजीको रुपमा आवश्यक सामग्री प्रदान गरिनेछ ।

- कृषकहरुको दर्ता तथा सूचिकरण गरी किसान परिचयपत्र वितरणलाई निरन्तरता दिइनेछ ।
- पशुपन्छीमा लाग्ने विभिन्न रोगहरुको चेकजाँच गर्न घरदैलोमै पशु चिकित्सक सहितको प्राविधिक परिचालन गरिनेछ ।
- बढ्दो रासायनिक मलको प्रयोग न्यूनिकरण गर्न प्राङ्गारिक मल उपयोग गरी गरिने खेती प्रवर्द्धन गर्न प्राथमिकता दिइनेछ ।

## उद्योग,सहकारी

- सहकारी संस्थाहरुलाई व्यवसायिक कृषि, पर्यटन तथा उत्पादन क्षेत्रमा आफ्नो पूँजी तथा लगानी परिचालन गर्न सहजिकरण गरिनेछ । सहकारीहरुको अनुगमन तथा नियमनलाई सूचना व्यवस्थापन प्रणालीमा आधारित बनाइनेछ ।
- नगरपालिकाका लागि आवश्यक सामग्री खरिद गर्दा स्थानीय स्तरमा उत्पादित वस्तुलाई प्राथमिकता दिइनेछ ।
- खाद्य वस्तुको गुणस्तर मापदण्ड तयार गरी, स्वस्थ वस्तुको उपभोग सुनिश्चित गर्न सम्बन्धित निकायसँग समन्वय तथा सहकार्य गर्दै बजार अनुगमन गरिनेछ ।
- सहकारी संस्थाको प्रवर्द्धन र संस्थागत क्षमता विकासका लागि विविध सीपमूलक तालिम कार्यक्रम संचालन गरिनेछ । प्रत्येक सहकारी संस्थाले बार्षिक प्रतिवेदन तयार गरी नगरपालिकामा पेश गर्नु पर्ने व्यवस्था कडाइका साथ लागू गरिनेछ ।

## वन,वातावरण र विपद व्यवस्थापन

- विरेन्द्र राजमार्ग तथा अन्य शाखा सडकहरुमा बृक्षारोपण गरी हरित सहरको अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।
- जल,वायु, माटो, ध्वनी तथा विद्युतीय प्रदूषणसहित सबै प्रकारका वातावरणीय प्रदूषणको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक नीति, कानून तथा प्रभावकारी संरचना निर्माण गर्दै लगिनेछ ।

- नगरलाई सफा सुन्दर र वातावरणमैत्री बनाउन २० एम.एम. भन्दा कमका प्लाष्टिक झोलालाई निरुत्साहित गर्ने नीति लिइनेछ ।
- नगरका सार्वजनिक स्थलहरुमा जथाभावी फोहरमैला विर्सजन गर्नेलाई कानून बमोजिम कारवाही गरिनेछ ।
- नेपाल सरकार, प्रदेश सरकार तथा वातावरण संरक्षणमा क्रियाशील संघ संस्थाहरुको समन्वय र सहकार्यमा नगर जलवायु अनुकूलन योजना तर्जुमा गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- प्राकृतिक विपद् तथा माहामारीजन्य रोगहरुको सम्भावित जोखिम न्यूनिकरणका लागि पूर्व तयारी गरिनेछ ।साथै,त्यस्ता विपदबाट उत्पन्न क्षति न्यूनिकरण तथा तत्काल राहत, पुर्नउत्थानका लागि विपद व्यवस्थापन कोषको लागि बजेट विनियोजन गरिनेछ ।
- विपद् प्रभावित भएर घरबार बिहिन भएका व्यक्ति तथा परिवारहरुलाई वैकल्पिक व्यवस्था नभएसम्म नगरपालिकाबाट सम्भव भएसम्म सार्वजनिक स्थानमा राखिनेछ ।यदी सार्वजनिक स्थानमा व्यवस्थापन गर्न नसकिने भएमा त्यस्ता व्यक्तिहरुलाई अधिकतम् १५ दिनसम्म न्यूनतम भोजन र आवासको व्यवस्था नगरपालिकाले गर्ने व्यवस्था गरिनेछ ।
- वर्षेनी लाल बकैया नदी कटानका कारण नगरक्षेत्रमा बाढीबाट अपूरणीय क्षति व्यहोर्नु परिरहेकोले भू:संरक्षण तथा नदी कटानलाई नियन्त्रण गर्न बकैया बाँध निर्माण,मर्मत तथा बृक्षारोपण गर्ने कार्यको व्यवस्था गरिनेछ ।
- विपदबाट हुन सक्ने क्षतिको तत्काल उद्धार, राहत तथा पूर्नस्थापनाका लागि आवश्यक जनशक्ति, सामग्री र स्रोतको पूर्व तयारी सहित प्रभावकारी व्यवस्थापन गरिनेछ ।
- प्राकृतिक तथा गैर-प्राकृतिक विपदका कारण आर्थिक, भौतिक, सामाजिक तथा पूर्वाधार क्षेत्रमा पर्न सक्ने सम्भावित प्रतिकूल प्रभावलाई ध्यानमा राखी विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि इच्छुक व्यक्ति, निजी क्षेत्र, सहकारी संस्था, सरकारी निकाय तथा गैर सरकारी संघ संस्थाहरुलाई विपद् व्यवस्थापन कोषमा आर्थिक योगदान गर्न आह्वान गरिनेछ र यसै कोषबाट एकद्वार प्रणाली मार्फत तत्काल राहत वितरण गर्ने नीति अवलम्बन गरिनेछ।

## शिक्षा सम्बन्धी नीति

- विद्यालय क्षेत्र बाहिर एवं विद्यालयहाताभित्र छुवाछुत, बालश्रम, लैङ्गिक हिंसा तथा दूर्व्यवहार विरुद्ध "शून्य शहनशीलता" को नीति अवलम्बन गरिनेछ ।यस्ता घटना रोकथाम तथा नियन्त्रणका लागि विद्यालयहरुमा मनोसामाजिक परामर्शकर्ता मार्फत परामर्श सेवा उपलब्ध गराइनेछ ।
- नगरक्षेत्रका सामुदायिक विद्यालयहरुमा स्यानिटरी प्याड तथा दिवा खाजाको उचित प्रबन्ध मिलाइनेछ ।
- भिन्न क्षमता भएका बालबालिकाको शैक्षिक विकासलाई लक्षित गर्दै विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।
- संघीय सरकारको नीति तथा मापदण्ड र नगरपालिकाबाट स्वीकृत कानून कार्यविधि अनुसार शिक्षक दरवन्दी मिलानको कार्यलाई निरन्तरता दिइनेछ ।
- सामुदायिक विद्यालयहरुको एउटै शैक्षिक क्यालेण्डर तयार गरी कार्यान्वयन गरिनेछ ।
- बौद्धिक अपाङ्गता भएका विद्यार्थीहरुको लागि आवश्यक सहयोग प्रदान गर्ने नीति लिइनेछ ।
- बालबालिकाहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै जंकफुडबाट हुन सक्ने असर बारे सामुदायिक तथा संस्थागत विद्यालयहरुमा स्वास्थ्य कार्यकर्ता मार्फत सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- चालु आर्थिक वर्षमा उच्च शिक्षा अध्ययनका लागि मा.वि.टिकुलिया गौर-४ मा कक्षा ११ अध्यापनको लागि अनुमति प्रदान गरिएको र आगामी आर्थिक वर्षमा कक्षा १२ संचालनको लागि अनुमति प्रदान गरिने भएकोले **"टिकुलिया,गढवा र मजकुटिया"**टोलका बासिन्दाले घरदैलोमै उच्च शिक्षा अध्ययन गर्ने अवसर पाउने छन।
- आधारभूत विधालय सवगढा गौर-६ मा माध्यमिक तहको कक्षा संचालन नहुने गरेकोले सो वडाका बालबालिकाहरु माध्यमिक तह अध्ययन गर्न बन्चित हुने अथवा टाढा जानु पर्ने अवस्थालाई समाप्त गर्न आगामी आर्थिक वर्षमा **उक्त विधालयमा माध्यमिक तहको अध्ययनको लागि कक्षा ९ को अनुमति प्रदान गरी** माध्यमिक तहको कक्षा संचालन गरिनेछ।

- विशिष्ठ उच्च शिक्षा अध्ययन अध्यापन भई रहेको पंडित मंगल कुमार उपाध्याय बहुमुखी क्याम्पसको सुविधा सम्पन्न भवनहरु निर्माणको लागि **गौर-८ मा ३-२-०-४ जग्गाको भोगाधिकार प्राप्त भई सकेकोले** आगामी आर्थिक वर्षमा भवनहरु निर्माण कार्यको थालनी गरिनुको साथै अन्य संकायको विशिष्ठ उच्च शिक्षाको अध्ययन अध्यापनको लागि विषय थप हुन राजर्षि जनक विश्वविधालय जनकपुरधाम संग समन्वय एवं सहकार्यमा अध्ययन अध्यापनको व्यवस्था मिलाइनेछ ।
- राम लखन हरि साह गुरुकुल विधापीठ गौर-२ मा संस्कृतको पठन पाठन शुरु भएकोमा यसै आर्थिक वर्षमा प्रक्शास्त्री कक्षा संचालन गर्न थप अनुमति प्राप्त हुन आएकोले उक्त विधापीठमा आगामी आर्थिक वर्षमा थप भौतिक पूर्वाधार निर्माण सम्वन्धी कार्य सम्पन्न गरी थप कक्षाहरु संचालन गर्न अनुमति प्राप्त गर्न पहल गरिनेछ ।

## युवा तथा खेलकुद

- खेलकुद क्षेत्रको समग्र विकासका लागि सरोकारवाला संघसंस्था सँग समन्वय र सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ ।
- युवाहरुलाई लागु औषधको कुलत तथा दूर्व्यसनबाट जोगाउन विविध सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- समुदायस्तरबाटै खेलकुद संस्कृतिको विकास गर्न मेयरकप क्रिकेट टुर्नामेन्ट प्रतियोगिता सहित विविध नगरस्तरीय खेलकुद प्रतियोगित संचालन गरिनेछ ।
- स्थानीय स्तरमा खेलिने ब्याडमिन्टन, फुटबल, भलिवल लगायतका खेलहरुलाई व्यवस्थापन गर्दै लगिनेछ ।
- नगरका सार्वजनिक स्थानहरुमा ब्यायामशाला, योग साधना केन्द्र निर्माणको लागि आवश्यक प्रक्रियाहरु अवलम्बन गरिनेछ ।
- गुणस्तरीय तथा व्यवस्थित खेलकुदका लागि गौर राइसमिलको जग्गा अधिग्रहण गरी खेल मैदान बनाउन आवश्यक पहल गरिनेछ ।

## रोजगार,संस्कृति, पर्यटन प्रवर्द्धन सम्बन्धी नीति

- नगरपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण गर्दै ती क्षेत्रहरुलाई पर्यटकीय गन्तव्यका रुपमा विकास गरिनेछ ।
- पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसारका लागि नगरको परिचय झल्काउने वृतचित्र निर्माण गरी संचार माध्यबाट प्रसारण गरिनेछ ।
- भाषा, कला, संस्कृति, सम्पदा तथा साहित्यको संरक्षण, संवर्द्धन र विकास गर्न विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।
- सीप सिकेका प्रमाण पत्र प्राप्त नगरेका नगरवासीहरुलाई सीप परीक्षणमा सहभागी गराई जीविकोपार्जनमा सहयोग पुर्याउने नीति लिइनेछ ।
- नगरपालिकाबाट संचालन हुने सीप मूलक तालिम कार्यक्रममा अनिवार्य रुपमा प्रमाणपत्र उपलब्ध गराउने नीति लिइनेछ ।
- गौर नगरपालिकाको मध्य भागमा अवस्थित बरहवा तालको संरक्षण तथा सम्बर्द्धन गर्दै पर्यटकीय स्थलको रुपमा विकास गर्न आवश्यक कार्यहरु संचालन गरिनेछ ।
- गौर न.पा.वडा नं.२ मा निर्माणाधिन टाउन हौल (नगर सभा गृह)लाई आगामी आर्थिक वर्षमा निर्माण कार्य सम्पन्न गरी उक्त भवनलाई **"शहिद शिव प्रसाद सिंह टाउन हौल"**नामाकरण गरी संचालनमा ल्याईने भएकोले सो बाट रोजगारी सिर्जना हुनुको साथै पर्यटनको समेत विकास हुनेछ।
- गौर न.पा.वडा नं.२ मा निर्माणाधिन विवाह भवनलाई **"बानेश्वरनाथ विवाह भवन"**नामाकरण गरी आगामी आर्थिक वर्षमा निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याईने र त्यसबाट रोजगारी सिर्जना हुनुको साथै संस्कृति एवं पर्यटनको विकास हुने विश्वास लिएकोछु ।
- गौर न.पा.वडा नं.४ मा निर्माणाधिन विवाह भवनलाई **"शहिद हरदयाल महतो विवाह भवन"**नामाकरण गरी आगामी आर्थिक वर्षमा निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याईने र त्यसबाट रोजगारी सिर्जना हुनुको साथै संस्कृति एवं पर्यटनको विकास हुने विश्वास लिएकोछु।

- गौर-८ को सामुदियक भवनलाई **"पुरेनवा सामुदायिक भवन"**नामाकरण गरीसंचालनमा ल्याईएको र त्यसबाट रोजगारी सिर्जना हुनुको साथै संस्कृति एवं पर्यटनको विकास हुने विश्वास लिएकोछु ।
- गौर-२ स्थित **"बाबा बानेश्वरनाथ झोलुङ्गे पुल"** पर्यटकिय स्थलको रुपमा निरन्तर विकास हुंदै गएकोले त्यहाँ थप पर्यटक लोभ्याउन थप पूर्वाधार विकासको योजना आगामी आर्थिक वर्षमा संचालन गरिनेछ ।

## महिला, बालबालिका, जेष्ठ नागरिक,अपाङ्गता तथा सामाजिक सुरक्षा सम्बन्धी नीति

- घरेलु हिंसा पीडित महिलाहरुको संरक्षण, सहयोग र पुनः स्थापनामा विशेष ध्यान दिदै पीडित महिलाहरुलाई निशुल्क कानुनी सेवा, आपतकालीन सहयोग तथा संरक्षण प्रदान गर्ने कार्यक्रमहरुलाई थप सुदृढ बनाउदै असुरक्षित अवस्थाबाट जीवनयापन गर्न बाध्य महिला तथा बालबालिकाका लागि नगरपालिकाबाट संचालित सेफ हाउसलाई थप व्यवस्थित, सुदृढ र प्रभावकारी बनाइनेछ ।
- संघीय सरकारको विशेष अनुदान र बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी कार्यान्वय गर्न गर्भवती महिलाहरुको पहिचान गरी नियमित स्वास्थ्य परीक्षण गरिनेछ ।साथै सुत्केरी महिलाहरुलाई पोषणयुक्त खाद्य सामग्री वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
- जेष्ठ नागरिकमा निहित ज्ञान,सीप र अनुभव हस्तान्तरण गर्न जेष्ठ नागरिक सम्बन्धी विविध कार्यक्रम संचालन गरिनेछ ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवश कार्यक्रम संचालन गर्न आवश्यक सहयोगको व्यवस्था मिलाइनेछ ।
- बालमैत्री,जेष्ठ नागरिकमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार एवं संरचना निर्माणमा प्राथमिकता दिइनेछ ।
- जेष्ठ नागरिक तथा अपाङ्गहरुका लागि आवश्यक सहयोग सामग्री वितरण गर्ने कार्यक्रम संचालन गरिनेछ।
- सामाजिक सुरक्षा भत्ताको नविकरण कार्यलाई प्रभावकारी बनाउन वडास्तरमा व्यापक जनचेतना अभिवृद्धि गर्ने नीति लिइनेछ ।

- महिला तथा पछाडि पारिएका वर्ग र समुदायलाई स्रोत, साधन, सेवा र अवसरको समान पहुँच र लाभ सुनिश्चित गर्ने नीति लिइनेछ । साथै त्यस्ता व्यक्तिहरुको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।
- महिलाहरुको स्वास्थ्य अवस्थामा टेवा पुर्याउन धुवाँमुक्त न.पा.बनाउने लक्ष्यका साथ भान्साघरको लागि गैस सिलिण्डर र चुल्हो सहितको सेट गरिव,विपन्न तथा पिछडिएको घर परिवारलाई उपलव्ध गराउने कार्यक्रम चालु आ.व.मै स्वीकृत रहेकोमा गैस अभावको कारण सो योजना चालु आ.व.मा कार्यान्वयन हुन नसकेकोले आगामी आर्थिक वर्षमा सम्पन्न हुने गरी आवश्यक बजेट बिनियोजन गरेको सहर्ष जानकारी गराउन चाहन्छु ।
- सामाजिक रुपमा पिछडिएको घर परिवार, गरिव तथा विपन्न घर परिवारले आगामी आर्थिक वर्षमा उपभोग गर्ने **मासिक ५० युनिट सम्मको विधुत महशुल यस नगरपालिकाले तिर्ने गरी** बजेट विनियोजन गरेको छ ।

## स्वास्थ्य नीति

- नगरवासीहरुलाई सहज र सरलिकृत रुपमा स्वास्थ्य सेवा प्रदान गर्न नगरक्षेत्र भित्र रहेका आधारभुत स्वास्थ्य केन्द्रहरुबाट प्रवाह हुने सेवाहरुलाई अझ प्रभावकारी बनाइनेछ ।
- समाजका अग्रज, जीवनको उतरार्धमा रहनु भएका सम्मानित जेष्ठ नागरिकहरु आफ्नो स्वास्थ्य परीक्षणको लागि अस्पतालसम्म जानको लागि हुन सक्ने कठिनाईहरुलाई न्यूनिकरण गर्न नगरपालिकाको आफ्नै स्वास्थ्यकर्मी परिचालन गरी ६० वर्ष माथीका जेष्ठ नागरिकको प्राथमिक स्वास्थ्य परीक्षण मासिक रुपमा समुदायमै संचालन गर्ने नीति लिइनेछ ।साथै विशेषज्ञ डाक्टर सहितको घुम्ती स्वास्थ्य शिविर संचालनको लागि समेत आवश्यक व्यवस्था गरिनेछ ।
- संघ संस्था सँग समन्वय गर्दै महिलाहरुमा हुने स्तन र पाठेघर सम्बन्धी समस्याको समयमै पहिचान र उपचार सुनिश्चित गर्न स्क्रिनिङ क्याम्प लगायत अन्य स्वास्थ्य परीक्षण कार्यक्रमहरुलाई व्यापक रुपमा विस्तार गरी प्रत्येक वडामा नियमित स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

- १५ महिना भित्रका बालबालिकाहरुलाई नियमित खोप सेवा प्रदान गरी ५ वर्ष मुनिका सम्पूर्ण बालबालिकाहरुलाई पूर्ण खोप सुनिश्चित गरिनेछ ।
- नगरवासीहरुलाई लक्षित गरी क्षयरोग मुक्त अभियान संचालन गरी सो अभियान मार्फत क्षयरोगको जोखिममा रहेका व्यक्तिहरुलाई पहिचान गरी समयमै परीक्षण तथा उपचार सेवामा पहुँच सुनिश्चित गर्नुका साथै पुरै नगरलाई चरणबद्ध रुपमा क्षयरोग मुक्त नगर बनाउने नीति अवलम्बन गरिनेछ ।
- नगरपालिका भित्र अवस्थित मधेश प्रदेश सरकार मातहत रहेको प्रादेशिक अस्पताल गौरको सेवा प्रवाहलाई थप प्रभावकारी, गुणस्तरीय र सेवाग्राहीमैत्री बनाउन नगरपालिकाबाट आवश्यक सहयोग,समन्वय तथा सहजीकरण गरिनेछ ।
- सरकारी तथा गैरसरकारी संघ संस्थाहरु सँग समन्वय र सहकार्य गरी लागु पदार्थ दूर्व्यसन, एचआईभी एड्स तथा मानव बेचविखन जस्ता सामाजिक अपराध र समस्याहरु विरुद्ध विविध जनचेताना अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

## खानेपानी तथा सरसफाई सम्बन्धी नीति

- नगरवासीहरुलाई दिगो सुरक्षित र स्वच्छ खानेपानी तथा सरसफाई सुनिश्चत गरिनेछ । गरिव तथा विपन्न परिवारहरुलाई खानेपानी व्यवस्थापन गर्न नेपाल खानेपानी संस्थान गौर सँग सहकार्य गरी सरकारी धारा जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउने उदेश्यले घरदैलो तथा व्यवसायिक स्थलहरुबाट उत्सर्जन हुने फोहोरलाई स्रोतमै अनिवार्य रुपमा जैविक,अजैविक तथा पुन: प्रयोग योग्य गरी वर्गीकरण गर्न प्रेरित गरिनेछ । वर्गीकृत नगरी फोहोर फाल्ने उत्सर्जकहरुलाई दण्ड तथा जरिवाना गर्ने व्यवस्था गरिनेछ ।
- सार्वजनिक स्थलहरुको नियमित सरसफाई र व्यवस्थापनमा विशेष ध्यान दिइनेछ ।
- संघ संस्थाको समन्वय,सहकार्य र सहयोगमा नगरको नियमित सरसफाई गर्न आवश्यक नीति लिइनेछ ।

## कानुन तथा न्याय

- नगरभित्रको सुव्यवस्थालाई प्रभावकारी बनाई जनधनको सुरक्षाको प्रत्याभूति गर्न नगर प्रहरीको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।
- नेपालको संविधान तथा प्रचलित कानून बमोजिम स्थानीय तहको अधिकार क्षेत्रसँग सम्बन्धित विषयमा आवश्यक कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- न्यायिक कार्य सम्पादनमा सहजता ल्याउन नगरपालिकाको न्यायिक समितिलाई थप प्रभावकारी बनाइनेछ। उजुरी/विवादलाई समयमै निरुपण गरी पीडितलाई न्यायको प्रत्याभुति गरिनेछ ।
- नगरको सार्वजनिक स्थानहरुमा सुरक्षामुलक उपस्थित मजबुत पार्न र शान्ति सुरक्षा कायम राख्न नेपाल प्रहरी सँगको समन्वयमा नगरगस्तीलाई नियमित तथा प्रभावकारी बनाइनेछ ।
- स्थानीय कानून, मौलिक हक तथा मानव अधिकार सम्बन्धी सचेतना अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय बालमैत्री नगर घोषणा कार्यक्रम अन्तर्गत व्यक्तिगत घटना दर्ताको उल्लेखित सूचक हासिल गर्न ५ वर्ष मुनिका सबै बालबालिकाको जन्मदर्ता गर्न वडास्तरमा अभियान संचालन गरिनेछ ।
- विभिन्न किसिमका विवाद तथा समस्याहरु वडास्तरमा नै समाधान गर्न सबै वडाहरुमा मेलमिलाप केन्द्र गठन गर्ने व्यवस्था गरिनेछ ।

## नगरसभाका सदस्यज्यूहरु

नगरको विकास,समृद्धि र सुशासनको अभियानमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा साथ र सहयोग पुर्याउनु हुने नगरसभा सदस्यज्यूहरु, नेपाल सरकार तथा प्रदेश सरकारका प्रतिनिधिज्यूहरु, राजनीतिक दलका पदाधिकारीज्यूहरु, विभिन्न विषयगत समितिका संयोजकज्यूहरु, निजी क्षेत्रका व्यवसायीहरु, प्राध्यापक, बुद्धिजिवी वर्ग, गैर सरकारी संस्था, नागरिक समाज, संचार माध्यम, पत्रकार जगत, राष्ट्र सेवक कर्मचारी तथा सम्पूर्ण गौर नगरवासीमा हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा नगरको विकास र समृद्धिको लागि निरन्तर सद्भाव, सहकार्य र सहयोग पुर्याउदै आउनु भएका आम नागरिक, करदाताहरु र नगर हितमा समर्पित सम्पूर्ण पक्षबाट यस नीति तथा कार्यक्रमको सफल तथा प्रभावकारी कार्यान्वयका लागि सदा झै निरन्तर समर्थनको अपेक्षा गर्दै सम्बद्ध सबै पक्षप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद !